# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (पच्चीसौं बैठक)
# कार्यबाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०५।२९ गते

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो।

**माननीय सभामुखज्यु,**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, हालैको अविरल वर्षाको कारण देशको विभिन्न स्थानमा प्रकृति प्रकोप बाढीपहिरोका कारण हुन गएको ठूलो धनजनको क्षतिप्रति गण्डकी प्रदेश सभा दुःख व्यक्त गर्दछ । बाढीपहिरोमा परी जीवन गुमाउनु भएका सम्पूर्ण नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै प्राकृतिक प्रकोपमा परि घाइते हुनुभएका सम्पूर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । माननीय सदस्यहरु, नेपाल लगायत विश्वभर फैलिरहेको कोभिड-१९ को महामारीको कारण हामी प्रभावित भएका छौं । यस महामारीबाट ज्यान गुमाउनु भएका देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै यस महामारीबाट प्रभावित भएका सम्पूर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । माननीय सदस्यहरु, सर्वप्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रहरु पढेर सुनाउछु ।

मिति : २०७८/३/३१

विषय : प्रमाणीकरण सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय गण्डकी प्रदेश पोखरा, प्रस्तुत विषयमा तहाँको पत्र संख्या ७७/७८ च.नं.३३८ मिति २०७८/३/३१ को पत्रसहित प्राप्त प्रदेश सभाबाट पारित तपपसिल बमोजिम विधेयक मिति ०७८/३/३१ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणित गर्नुभएकाले एक-एक प्रति विधेयक यसैसाथ संलग्न राखि पठाएको अनुरोध गरिन्छ । विनियोजन

विधेयक २०७८ प्रदेश सरकारको अर्थ सम्बन्धी पत्रलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ ।

हरिप्रसाद

वास्तोला

सचिव ।

विषय :- जानकारीको सम्बन्धमा

श्री सचिवज्यू,

प्रदेश सचिवालय,

गण्डकी प्रदेश पाखेरा ।

माननीय प्रदेश प्रमुख सिता कुमारी पौडेलद्वारा ०७८ साउन ८ गते नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम माननीय मुख्यमन्त्रीज्यूको १२९ सिफारिमा मिति २०७८ जेठ २९ मा गठित मौजुदा मन्त्री परिषद्मा देहाय बमोजिमको हेरफेर गरी कार्य विभाजन गराउनु भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

नाम, थर, पद, कार्य विभाजन

माननीय कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री तथा मन्त्री परिषद्,

माननीय कुमार खड्का मन्त्री भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था,

माननीय रामजी वराल मन्त्री अर्थ,

माननीय हरिशरण आचार्य मन्त्री उर्जा, जलस्रोत तथा खानेपानी,

माननीय राजीव गुरुङ मन्त्री युवा तथा खेलकुद,

माननीय मणिवल्लभ शर्मा मन्त्री पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति,

माननीय मेखलाल श्रेष्ठ मन्त्री शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास,

माननीय मनमाया अधिकारी गुरुङ मन्त्री स्वास्थ्य तथा जनसंख्या,

माननीय चन्द्र बहादुर बुढा मन्त्री भूमि, व्यवस्था कृषि सहकारी तथा गरीवी निवारण,

माननीय विन्दुकुमार थापा मन्त्री कानुन, सञ्चार तथा प्रदेश सभा मामिला,

माननीय दिपक थापा मन्त्री वन वातावरण तथा भूसंरक्षण ।

माननीय सदस्यहरु, अब शुन्य समय प्रारम्भ हुन्छ । सुन्ने समयमा बोल्नुहुने माननीय सदस्हरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । माननीय कृष्ण बहादुर थापा, कास्की।

**माननीय कृष्ण बहादुर थापा**,

माननीय सभामुख महोदय, भ्रष्टाचार नियन्त्रण नियम २०५९ को दफा ५० को उपदफा(१) तथा अख्तियार दुरुपयोग अनुसन्धानको ऐन २०४८ को उपदफा (१) अनुसार सम्पत्ति विवरण राष्ट्रिय कोषमा जाने जो कोहीले पनि २ महिनाभित्रमा बुझाउनु पर्ने व्यवस्था भएको छ । हाम्रो गण्डकी प्रदेशका युवा तथा खुलकुद मन्त्रीज्यूले २०७८/५/२७ गते मिडियामा जनाउनु भएको हिसाव यो नबुझाएको र आफ्नो लगानी युवाहरुलाई गरेको र त्यहाँ आउन बाँकी भन्नुभएको हुँदा यसको वास्तविकता यो सम्मानित सभामा मन्त्रीज्यूले सभामुख मार्फत जानकारी गराइदिनु हुन म अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय खिमविक्रम शाही, वाग्लुङ ।

**माननीय खिमविक्रम शाही**

माननीय सभामुखज्यू, हालै भएको अविरल वर्षाका कारण वाग्लुङको निशी खोला वडा १ बगाहा भन्ने ठाउँमा विद्यालय, गाउँ, बाटो, बालशिक्षा लगायत वस्तीमा असर गरेको हुनाले त्यसको छिटो भन्दा छिटो स्थलगत निरीक्षण गरी तत्काल राहत र यहाँका जनताहरुको व्यवस्थापन गरिदिनु हुन म हार्दिक अनुरोध गर्दछु ।

**माननीय सभामुख**

माननीय चित्र बहादुर घले, मनाङ ।

**माननीय चित्र बहादुर घले**

माननीय सभामुखज्यू, यो करुणामय सभामा २ (नबुझेको)

**माननीय सभामुख**

माननीय नरदेवी पुन मगर, म्याग्दी ।

**माननीय नरदेवी पुन मगर**

माननीय सभामुखज्यू, यही भाद्र महिनामा परेको अविरल वर्षा भएको कारण धौलागिरी गा.पा.-२ मा संचालित दोस्रो लघु जलविद्युत आयोजनाको सम्पूर्ण सामग्रीमा क्षति पुगेको हुँदा, २७८ घरधुरी भएका वडामा वडाका नागरिकहरु अन्धकारमा बस्नु बाध्य भएको छन ।, यसरी तुरुन्तै सम्बन्धित निकायको ध्यान जाओस् भन्ने आग्रह गर्दछु । भाद्र १९ गते रघुगंगा वडा नं. १, खोलामा खोला तर्ने क्रममा अन्नपूर्ण गा.पा. वडा नं. ४ खोलाले बगाएको छ र हालसम्म उनको शव भेटिएको छैन । त्यसैले उक्त खोलामा पुल बनाउन

र शोकित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान आकर्षित गराउँछु धन्यवाद ।

## माननीय सभामुख

माननीय भागवत प्रसाद मल्ल, स्याङ्जा ।

## माननीय भागवत प्रसाद मल्ल

माननीय सभामुख महोदय, स्यांङजा गल्याङ वडा १ मा भदौ १३ गते वर्षाका कारण धनमाया उमरा-१४ को र पशुको मृत्यु भएको छ यो वर्षाको कारण । त्यस्तै दिपेन्द्र श्रेष्ठ, हिरा वराल,मुना उपाध्याय, शुशिला श्रेष्ठको पूर्ण क्षति भएको छ र त्यस्तै अक्षय बस्नेतको हातखुट्टा भाँचिएर उपचार गराइरहनु भएको छ, सबैमा यो उचित क्षतिपूर्ति, पूर्ण क्षति भएको घरको व्यवस्था र उपचारको जोडदार माग गर्दछु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य महेन्द्र बहादुर थकाली, मुस्ताङ ।

## माननीय महेन्द्र बहादुर थकाली

माननीय सभामुखज्यू, मुस्ताङ जिल्ला अति विकट हिमालपारिको जिल्ला विगत २ महिना अगाडि देखि मुस्ताङ जिल्लाका सम्पूर्ण गा.पा.हरुमा अति बढी वर्षाको कारण त्यसका छेउछाउ कालीगण्डकीका छेउछाउका नदीहरु जुन ठाडो खोला भन्छन्, त्यो ठाडो खोलाबाट आएको बाढी थासाङ गा.पा.-१, टुकुचे गाउँमा थापाखोलाले त्यहाँका तटवन्ध गरिएका जुन तटवन्ध छ, ती तटवन्धहरु सबै बगाई ठूलो मात्रामा क्षति पुऱ्याएको र गाउँघरमा पनि पानी पसी धरै ठाउँमा क्षति पुऱ्याएको र त्यहाँका कालीगण्डकी कोरिडोरको राष्ट्रिय गौरवको बाटामा रहेको घरको पुल जुन बेलीब्रीज छ, त्यो बेलिब्रिजको दायाँ बायाँ गरिएको तटवन्धहरुलाई पनि असर गरेको कुरा म यहाँ जानकारी गराउँछु चाहन्छु । हस् त धन्यवाद । त्यसको लागि सम्पूर्ण निकायहरुका मन्त्रीज्यूहरुबाट त्यसको उचित व्यवस्थापनको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । हस्त त धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य मिना गुरुङ, कास्की ।

## माननीय मिना गुरुङ

माननीय सभामुखज्यू, मलाई प्राप्त सूचना अनुसार भाद्र १६ र १७ गते परेको अविरल वर्षाको कारणले पोखरा वडा नं. ११ मा पहिरो गई बाटोहरु अवरुद्ध भएका छन् भने १ जनाको मृत्यु र १ जना घाइते भएको छ । साथै पोखरा-२० मा पनि ५ जनाको मृत्यु र साविकको धुवाँ गा.वि.स. मा ठाउँमा ठूलो खेतीयोग्य भूमी रुपमा क्षति भएको म जानकारी गराउँदछु। बाढीबाट भएको क्षतिको लागि छिटो भन्दा छिटो क्षतिपूर्ति र सहयोगको लागि म हार्दिक हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य राजिव पहारी, कास्की ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, फेवाताल संरक्षण गर्न सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयनको लागि गण्डकी र नेपाल सरकारले गठन गरेको समितिले वहुतै मेहेनत गरेर तयार गरेको प्रतिवेदन ४ दिनदेखि समितिका संयोजक र सदस्यहरुले सम्मानननीय प्रधानमन्त्रीलाई बुझाउन खोज्दाखेरी पनि बुझाउन नपाएको कुरा आइरहेको छ । यसले के मरी भन्दा पनि के पल्क्यो भनेजस्तै कतै फेवाताल संरक्षणको निम्ति तयार पारिएको प्रतिवेदन कार्यान्वयन गर्न सरकारै नचाहेको हो कि भन्ने देखिएको छ । यसतर्फ म प्रदेश सरकारको गम्भिर रुपमा ध्यान आकृष्ट गराउन चाहन्छु । माननीय सभामुख महोदय, जनता रोग सँगसँगै भोकले पनि आक्रान्त भएको अवस्था छ । कोरोनाको संक्रमण घट्दै गएको अवस्थामा सामाजिक मापदण्ड अवलम्वन गरेर मुर्छित अवस्थामा रहेको अर्थतन्त्रलाई पुनः चलायमान गराउन पर्यटन यातायात लगायत सबै संस्थाहरुलाई पूर्णरुपमा चलायमान बनाउने वातावरण बनाउन सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य रामशरण बस्नेत, गोरखा ।

**माननीय रामशरण बस्नेत**

सभामुख महोदय, मैले सुनेको थिएँ, माननीय मुख्यमन्त्रीज्यू र मन्त्रीज्यूहरु गोरखाको मुख्य अति उद्गम ठाउँ चुमनुब्रीमा कोरोनाको भ्याक्सिन लिएर जाने भनेर हेलिकप्टरमा सवार भएको मैले सुनेको थिएँ तर त्यो हेलिकोप्टरमा भ्याक्सिन पुगेन । त्यही चुमनुब्री नै हो सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । ठूलो बाढीपहिरो चल्यो त्यहाँका जनता भोकभोकै मर्ने स्थिति भयो, प्रदेश सरकार कहाँ थियो त्यो थाहा थिएन तर त्यो सवारी थाहा थियो मुख्यमन्त्री आउनुभएको कुरा । आज लगभग ३ महिना भयो चुमनुब्री गा.पा. को ६ र ७

नं. वडा छेकम्पार र चुम्चेतमा आज हिँडडुल गर्ने बाटो छैन, त्यहाँ ठूलो खाद्यान्नको संकट छ, सिंगो चुमनुब्री अहिले जनता अति कठिन सँग बाचिरहेका छन्, चाडवाडहरु आउँदैछ तर थाहा छ भने म तुरुन्तै त्यहाँका त्यहाँ अपुरा र अप्ठ्यारा बाटाहरु बनाउनका निम्ति म सरकारसँग ध्यान आकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य रोशन गाहा थापा मगर ।

**माननीय रोशन गाहा थापा मगर**

माननीय सभामुखज्यू, गएको असार, साउनको भिषण अविरल वर्षाको पहिरोको कारणबाट धुम्सेकोट गा.पा. वडा नं. ४, आर्थर चारघले रिम्चीमा धनमाया पुलामी, देउसर पुलामी र भुमिसर पुलामीको बाढी पहिरोबाट मृत्यु भएको छ, उहाँहरुलाई छिटो भन्दा छिटो राहतको व्यवस्था गरी पाउँ र त्यहाँ बसोवास गर्ने जनसमुदायलाई अन्यत्र ठाउँमा व्यवस्था गरी पाऊँ। यही बाढीपहिरोको कारणबाट वौलीकालिका गाउँपालिका, पुलिनटार गा.पा., देउचुली न..पा. को बन्दिपुर र कीर्तिपुर गाउँ सबै ठाउँमा बाटोघाटो बन्द छ, आवत-जावत सबै बन्दछ, त्यहाँ भोकभरीको समस्या परेको हुनाले त्यसको पनि छिटो व्यवस्था गरी पाऊँ । यसैगरी कावासोती वडा १ कोइलापानीमा सिँचाई पानीको वाँध भत्किएर ५ सय ६ सय भन्दा धेरै विघा जग्गा अहिले बाँझोपन भएको छ । सुख्खाग्रस्त भएको छ । सिँचाई बन्द मर्मत गरेर तुरुन्तै सिँचाईको व्यवस्था गराई पाऊँ । डेन्जर खोलमा रहेको झोलुंगे पुल, मध्यविन्दु र त्रिवेणी विनय गाउँपालिका वहुवनमा रहेको झोलुंगे पुल यो बाढीपहिरोले क्षतविक्षत भएको छ यसलाई पनि तुरुन्त मर्मत गरियोस् । महारथ हिमशंखलाबाट बग्ने खहरे खोला जयसिदी खोला, नोका खोला, डेन्जर खोला, लोकाहा खोला र नारायणी नदीले खेतीयोग्य  जमिन क्षतविक्षत गरेको छ यसको व्यवस्था गरियोस् । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने, नवलपरासी ।

**माननीय विष्णुप्रसाद लामिछाने**

माननीय सभामुख महोदय, हालै आएको अविरल वर्षाको काराण यो जिल्लाको वहुदीकाली गा.पा. स्थित तनहुँ र नवलपुर जोड्ने कालीनदीको दुवै तर्फबाट पानीले खोलेर हाल आवत जावत गर्ने अवस्था छैन । त्यहाँका समस्या यथावतै रहेको छ । साँच्चै भोकमरीको अवस्था आइरहेको छ, त्यसैले चाँडो भन्दा चाँडो त्यो पुल मर्मत गर्ने परिस्थिति बनोस् म माननीय सभामुखज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी हुप्सेकोट

गा.पा. वडा नं. ४ वाकखोरबाट पहिरोको कारणले विस्थापित भएका घरपरिवार अहिले पनि घरबारविहीन भएको छ, उनीहरुलाई राख्ने व्यवस्थापन गर्न सकिएको छैन बस्ने व्यवस्थाको पनि म सरकारसँग अनुरोध गर्न चाहन्छु । त्यसैगरी हुप्सेकोट गा.पा. वडा नं. ४ का पहिरोको कारणले त्यहाँ एउटा घर पूरै नष्ट भएको छ, ३ जनाले ज्यान गुमाउन परेको परिस्थिति छ भने त्यहाँको जमिन अहिले पनि पूरा चिरा चिरा भएको अवस्था छ । त्यहाँका जनतालाई, त्यहाँको घरपरिवारलाई त्यहाँ राख्ने परिस्थिति छैन कुनै पनि बेला ठुलो दूर्घटना पनि हुन सक्छ, त्यसैले त्यो ठाउँको अध्ययन गरेर आवश्यकता अनुसार तिनीहरुलाई स्थापित गर्नको लागि म सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई सभालाई संवोध गर्न अनुरोध गर्दछु ।

## माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल

सभामुख महोदय, परिवर्तित राजनीति घटनाक्रमसँगै जेठको अन्तिम हाम्रो सरकार बन्यो । एकातारि कोभिड-१९ को महामारी र त्रास कायमै रहेको बेला अर्कोतिर अविरल वर्षासँगै बाढीपहिरोको प्रकोप थपियो । बाढीपहिरो सुरु भएको हिमाली जिल्ला मनाङ सुरुमै प्रभाव भएपछि म आफै राहत रामग्रीसहित चामे पुगेको सम्मानित सदनलाई सभामुख मार्फत जानकारी चाहन्छु । वर्षायामको सुरुवातसँगै गण्डकी प्रदेश र मुलुकभर बाढीपहिरोले ठूलो क्षति पुर्याएको छ । असार १ गते यता प्रदेशमा बाढीपहिरोमा परी ३३ जनाले ज्यान गुमाउनु भएको छ, ४४ जना घाइते हुनुभएको छ भने २ जना अझै वेपत्ता हुनु भएको छ । बाढीपहिरोमा परि ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जलीका साथै दिवंगतका परिवारजनमा समवेदना, घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । साथै यस बिचमा कोरानाबाट संक्रमितका कारणले दिवंगत हुनुहुनेहरु प्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

भौतिक क्षेत्रको विवरण सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालय मार्फत संकलन भइरहेको छ । बाढीपहिरोले ५०२ घर, ५ वटा सरकारी कार्यालय, ७ वटा विद्यालय, ६ वटा सामुदायिक भवन, २५ वटा हाइड्रोपावर, ३६ वटा पक्की पुल लगायतमा क्षति पुगेको छ। १७६ ठाउँको सडकमा क्षति पुगी यातायात अवरुद्ध भएको अवस्था छ । विपदको

समयमा ७३१ घरका ३७७० जनालाई सुरक्षित स्थानमा स्थान्तरण गरिएको छ । १२०५ घरधुरीका ४७६५ जनालाई ८९ लाख ६१ हाजार ८ सय ९३ बराबरको जिन्सी सामग्री र ४१ लाख ८५ हजार नगद गरी १ करोड २१ लाख ४६ हजार ९ सय ७३ रुपैयाँ बराबरको रकमको राहत वितरण गरिएको म सभामुख मार्फत सदनमा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, विपद् व्यवस्थापन ३ तहकै सरकारको व्यवस्थापन, ३ तहकै जिम्मेवारी पर्ने सन्दर्भमा यहाँ दोहोर्याइरहनु परेन, जसअनुसार कार्य सम्पादन पनि हुँदै आएको छ । विपद्बाट निधन हुनेको परिवारलाई संघ सरकारको तर्फबाट २ लाख, प्रदेश सरकारबाट ५० हजार आर्थिक प्रवन्ध भएको छ । यसैगरी वेपत्ता भएकाका परिवारलाई समेत राहत प्रत्येक परिवारका लागि १५ हजार रुपैया, अस्थायी आवासका लागि २५ हजार उपचार खर्च ५० हजार प्रदेश सरकारले उपलव्ध गराउँदै आएको छ ।

बाढीपहिरोले घर पूर्ण क्षति भएकालाई प्रदेश सरकारले प्रति परिवार १ लाख रुपैयाँ उपलव्ध गराउने व्यवस्था पहिले देखि नै रहे पनि कार्यान्वयनमा आएको थिएन । वर्तमान सरकारले क्षतिको विवरण संकलन गरी जिल्ला प्रशासन कार्यालय मार्फत यो रकम उपलव्ध गराउने कार्य अगाडि बढाइसकेको छ । दुर्गम र हिमाली जिल्ला मनाङमा पूर्ण क्षेति भएका घरका लागि १ लाख थप गरी २/२ लाख रुपैयाँ उपलव्ध गराउने निर्णय पनि भइसकेको छ । लघु जलविद्युत आयोजनामा पुगेको क्षतिबाट मनाङ सदरमुकाम, चामे सहितका क्षेत्रमा लामोसमय विजुलीविहीन हुन पर्यो । आ.व. को अन्त्यमा सरकारी कार्यालयको काम काम प्रभावित भएपछि प्रदेश सरकारले तत्काल सोलारको प्रवन्ध गरेको यहाँहरुलाई विदितै छ । मनाङ र गोरखाको चुमनुब्रीमा खाद्यान्नको अभाव हुन नदिन प्रदेशले हरसम्भव प्रयास गर्दै आएको विषय कतैबाट छिपेको छैन ।

सभामुख महोदय, अविरल वर्षाबाट हुने क्षतिबाट रोक्न वर्षा अगावै वर्षाको सुरुमा सबै जिल्लाहरुमा ग्याबिन जालीका लागि २० लाख रुपैयाँको दरले रकम निकाशा गरिएका थियो। ५० वटै पालिकालाई ५ लाख रुपैयाँका दरले प्रदान गरिएको, आवश्यकता अनुसार विपद् व्यवस्थापन कोषमा रकम पनि थप गर्दै गएका छाैं । त्यसका अतिरिक्त प्रदेश विपद् व्यवस्थापन कार्यकारिणीको वैठक बसेर आवश्यक निर्णय गर्नुका साथै कार्यान्वयन समेत भइसकेको म यस गरिमामय सदनमा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नका लागि अत्यन्तै कम समय रहेको अवस्थामा यो सरकार बनेको विषय कतैबाट छिपेको छैन । संवैधानिक र कानुनी व्यवस्थाको परिपालन गर्दै सरकार बनेको पर्सीपल्ट नीति तथा कार्यक्रम र त्यसको भोलिपल्ट

हामीले बजेट प्रस्तुत गर्यौं । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको सदासयतापूर्ण सहयोगका कारण योे सम्भव भएको हो, यसका लागि म फेरी पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । गत आ.व. भन्दा बजेट आकार घट्नु अघिल्लो सरकारले प्रस्ताव गरेभन्दा ८ अरव कमको बजेट ल्याउनु पर्ने वाध्यकारी अवस्थाका कारण कतिपय कार्यक्रमहरु छुटेका छन् । यो विषयलाई यस अघिका संसदको वैठकमा हामीले स्वीकार गरिसकेका छौं । संघीयता कार्यान्वयन पछि साढे ३ वर्षको सरकार संचालन गरेको दलका माननीयज्यूहरुले अवश्य अनुभवन गर्नु भएको छ कि, अनिवार्य दायित्व बढेकाले सालवसाली कार्यक्रमलाई निरन्तरता दिन र पहिचान गरिएका नयाँ कार्यक्रमका लागि पर्याप्त बजेट उपलव्ध गराउन नसकिएको हो । सरकार अविछिन्न उत्तराधिकारी संस्था भएकाले अघिल्लो सरकारले थालेका कार्यक्रमलाई निरन्तरता दिनु हाम्रो दायित्व हो । पूर्ववत् सरकारले संचालन गरेका एक निर्वाचन क्षेत्र एक सडक, एक घर एक धारा लगायत खानेपानीका आयोजना, उज्यालो प्रदेश कार्यक्रमलाई हामीले प्राथमिकताका साथ निरन्तरता दिएका छौं । सिँचाई, पशुको पुर्ण खोप, जग्गा चक्लावन्दी, पार्क, पद्मार्ग निर्माण, होमस्टे, पोखरा प्राणी उद्यान जस्ता कार्यक्रमलाई हामीले प्राथमिकतामै राखेको छ ।

सभामुख महोदय, विकास भन्नेवित्तिकै बाटोघाटो, बिजुली, पानी अनि पुलपुलेसा हुन् भन्ने अनुभूति हुन्छ तर भौतिक समानान्तर पाटो भनेको मानवीय विकास पनि हो । यसका लागि स्वास्थ्य तथा जनसंख्या, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको बजेटमा हामीले उल्लेख्य वृद्धि गरेका छौं । भौतिक पूर्वाधारको कुरा गर्दा प्रदेश मातहतमा रहेका संक्रामक तथा सरुवा रोग अस्पताल, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र गण्डकी विश्वविद्यालयको भवन निर्माणको काम सुरु नै भइसकेको छ । प्रदेश सभा भवन निर्माणका लागि यसै आ.व. भित्र प्रशासनिक प्रक्रिया पूरा हुने म सभामुखज्यू मार्फत सम्मानीत यस प्रदेश सभामा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, बजेटको सीमितताको कारण सालबसाली कार्यक्रम अन्तरगतका महत्वपूर्ण योजनालाई निरन्तरता दिन नसकिएको स्मरण गराउँदै संघ सरकारबाट थप स्रोत प्राप्त हुँदाको वखत ती आयोजना व्यवस्थापन गरिने सम्मानित सदनमा म प्रतिवद्धता जनाउन चाहन्छु । टेण्डर भइसकेका योजना, क्रमागत रहेका आधारभूत एक घर एक धाराका छुटेका कार्यक्रम कार्यान्वयनमा जानेछन् । ठेक्कामा लागिसकेको निर्माणाधिन अवस्थामा रहेका तर वार्षिक विकास कार्यक्रममा समावेश नभएका झोलुंगे पुललाई बजेट व्यवस्थापन गरिने छ । म्एच् भएका झोलुंगे पुल, सडक, पुल, खानेपानी, सिँचाई, भवन लगायतका योजना प्राथमिकीकरण गरी उपलव्ध बजेटका आधारमा कार्यान्वयनमा लैजाने जानकारी पनि म

गराउन चाहन्छु । अबण्डर रहेका कार्यलाई सहमति र कार्यनीतिका आधारमा कार्यक्रम छनोट गर्ने प्रतिवद्धता म यस सदनमा जनाउन चाहान्छ ।

सभामुख महोदय, वर्षे अधिवेशन अन्त्य हुने समयमा यो वैठक सुरु भएको छ । यही अधिवेशनका क्रममा हामीले केही महत्वपूर्ण विधेयकहरु अगाडि बढाएका छौं । यस प्रक्रियामा प्रमुख प्रतिपक्षको दलबाट विगतमा जस्तै म सहयोगको अपेक्षा गर्दै म विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, प्रदेश सभा गण्डकी प्रदेश अन्तर्गत रहेका विभिन्न विषयगत समितिमा रहेका माननीय सदस्यहरुको जिम्मेवारी तपसिल बमोजिम तोकिएका मनोनयनका लागि प्रस्ताव गर्दछु ।

विधायन समिति : माननीय सदस्य श्री प्रभा कोइराला, माननीय सदस्य श्री सरिता गुरुङ र माननीय सदस्य श्री हरिबहादुर चुमान ।
सार्वजनिक लेखासमिति : माननीय सदस्य श्री भागवत प्रकाश मल्ल, माननीय सदस्य श्री मनकुमारी गुरुङ, माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी, माननीय सदस्य श्री रोशन गाहा मगर, माननीय सदस्य श्री विकास लम्साल र माननीय सदस्य श्री लेखबहादुर थापा ।
अर्थ तथा विकास समिति : माननीय सदस्य श्री किरण गुरुङ, माननीय सदस्य श्री रामशरण बस्नेत ।
प्रदेश मामिला समिति : माननीय सदस्य श्री दिलमाया रोका मगर गौतम, माननीय सदस्य श्री नरदेवी पुन, माननीय सदस्य श्री पृथ्वीसुव्वा गुरुङ ।
प्रदेश सभा नियमावली २०७४ संसोधन मस्यौदा समिति :: माननीय सदस्य श्री ओमकला गौतम, माननीय सदस्य श्री खिम विक्रम शाही, माननीय सदस्य श्री भागवत प्रकाश मल्ल, माननीय सदस्य श्री धनमाया पोखरेल लामा, माननीय सदस्य श्री राजीव पाहारी ।
माननीय सदस्यहरु, यस प्रस्ताव उपर समर्थन जनाइ दिनु हुन अनुरोध गर्दछु ।

प्रदेश सभा नियमावली २०७४ संसोधन मस्यौदा समिति र यस सभाद्वारा गठित कार्यक्रम अनुगमन समितिको म्याद समाप्त भएकोमा आगामी १ महिनाको लागि म्याद थप गर्न प्रस्ताव गर्दछु । माननीय सदस्यहरु, यस प्रस्ताव उपर समर्थन जनाइ दिनु हुन अनुरोध गर्दछु। माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री श्री विन्दुकुमार थापालाई गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री श्री विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले गण्डकी प्रदेशमा संचालन हुने आम सञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई विचार र विवेकको स्वतन्त्रता तथा सञ्चारको हकलाई थप प्रभावकारी बनाउने सम्बन्धमा कानुनीय व्यवस्था गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामीजक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय मन्त्री मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले बालबालिकाको अधिकार, सम्मान, संरक्षण, संवद्र्धन परिपूर्ति गर्दै यिनीहरुको शारीरिक, मानसिक, सेवात्मक, वौद्धिक सामाजिक एवं भावनात्मक विकासका साथै सर्वोत्तम हितका लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेशमा बालबालिकाहरुको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । मेखलाल श्रेष्ठ, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री । २०७८।५।२९

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दुकुमार थापालाई प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक सुविधा ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयक सम्मानीत सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय कानुन संचार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न

वाञ्छनिय भएकोले प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको परिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ लाई संसोधन गर्न बनेको विधेयकको नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभामा सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय मणिभद्र शर्मालाई मिति २०७७ साल चैत्र २७ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्न प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सदस्य, मणिभद्र शर्मा उपस्थित नभएको हुनाले, माननीय मुख्यमन्त्रीको निर्देशन अनुसार माननीय मन्त्री मेखलाल श्रेष्ठलाई यो प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री मेखलाल श्रेष्ठज**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमति अनुसार सम्मानित सभामा २०७७ साल चैत २७ गते प्रस्तुत भएको गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयकमाथि विचार गरियोस् भनी प्रस्तुत गर्दछु । मिति २०७८-५-२९ ।

माननीय सभामुखज्यु, माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्ताव गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदसयहरुले "हुन्छ" भन्नुहोस् । हुन्छ, यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् । "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्न बनेको विधेयकलाई सर्वसम्मतले स्वीकृत भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म गण्डकी प्रेदशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि ७ मिनेटको समय

निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम मानीय श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राजीव पहारी

माननीय सभामुख महोदय, झ्याप्प झुप्प शैलीमा सदन अनिश्चितकालीन स्थगित भएको २ महिना पश्चात आज प्रदेश सभाको वैठकमा उपस्थित भएका छौं । गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्न बनेको विधेयक २०७७ को सैद्धान्तिक छलफलमा सहभागी हुन यहाँ उपस्थित भएको छु ।

सभामुख महोदय, यो विधेयक धेरै पहिले नै आउनु पर्ने थियो, आउन ढिलो भएकोले स– साना व्यापार व्यवसाय दर्ता र खारेजीको निम्ति काठमाडौं धाउनु पर्ने स्थिति अहिलेसम्म रहिरहेको अवस्था छ । अब यो विधेयक आइसकेपछि र यसले कानुनको रुप धारण गरिसकेपछि त्यो कुराको अन्त्य हुनेछ । यो विधेयकलाई मैले सरसर्ती अध्ययन गर्दा यो विधेयकको विषयमा धेरै विषयवस्तु मसिनो गरेर गहनतापूर्वक छलफल विधायन रुपमा घनिभूत रुपमा छलफल हुने नै छ ।

यो मस्यौदाले मुख्य गरी यो सरकारी, सार्वजनिक र नीजि क्षेत्र पनि मिलेर काम गर्ने व्यवस्थाको प्रत्याभूति गरेको छ र यो विधेयकको मुख्य उद्देश्य र कारण नै उद्योग, व्यापार वा व्यवसाय संचालन गर्न स्थापित प्राइभेट फर्मको दर्ता नविकरण समेतका सम्बन्धमा व्यवस्था गरी नागरिकको आर्थिक हित र सुविधा प्रवद्र्धन गर्दै प्रदेशको आर्थिक समृद्धि हासिलका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको यो विधेयकको मुख्य मक्सद यो मस्यौदा आउनुको मुख्य मक्सद र जब मुलुक संघीयतामा गइसकेपछि नेपालको संविधानको अनुसूची-६ को क्रम संख्या ११ मा प्रदेशभित्रको व्यापार, प्रदेशको अधिकार सूचीमा रहेको र व्यापार वाणिज्य सम्बन्धी प्रादेशिक नीति कानुन मापदण्ड योजना कार्यान्वयन र नियमनका साथै व्यापारीक फर्महरुको दर्ता, नविकरण, खारेजी र नियमन आवश्यक वस्तु तथा सेवाको अपूर्ति सम्बन्धी नीति, कानुन, मापदण्ड बजार अनुगमन र नियमन लगायतका विषय प्रदेशको क्षेत्रको अधिकार क्षेत्रभित्रको विषय भएको भनी नेपाल सरकारको मन्त्री परिषद्को मिति ०७७/१०/१८ को निर्णय बमोजिम उल्लेख गरेको छ ।

त्यसलाई आधार मानेर यो विधयकको मस्यौदा आएको छ र यसले संघीयतालाई थप बलियो बनाउने कुरा प्रष्ट छ । यसमा केही केही कुराहरु, मैले यो दफावार हिसावले छलफल गर्न गर्न गइरहेको छैन, आज सैद्धान्तिक छलफल भएकोले । यसको खास गरेर पूँजीको संरचनात्मक व्यवस्था नभएको, पूँजी कति देखि कति गर्न पाउने शुल्क निर्धारण

गर्नु पर्ने र त्यो अनुसारको प्रमाण-पत्र दिने व्यवस्था गर्दा उपयुक्त हुनेछ । अर्को वास्तविक उद्योगी व्यवसाय हो वा होइन भन्ने किटान गर्न कठिन कठिन हुने । तसर्थ, उद्योगी वा व्यवसायीको प्रकृति अनुसारको अनुभव वा आर्जित ज्ञानको पहिचान गर्नु पर्ने देखिन्छ यसमा । अर्को प्राइभेट फर्म शुरु दर्ता कहाँबाट कहाँ कहाँबाट गर्दा सहज हुन्छ, सो को उल्लेख गर्नुपर्छ । यसमा मैले थप व्याख्या के गर्न खोजेको हो भने, प्राइभेट फर्म सुरुको दर्ता वडाको सिफारिसको आधारमा गर्ने हो कि उद्योग वाणिज्यबाट गर्ने हो कि, कहाँबाट सुरु गर्ने हो यसलाई प्रष्ट गरेको भएदेखि राम्रो हुने थियो ।

उद्योग, व्यापार व्यवसायको प्रकृतिको आधारमा वर्गीकरण गर्दाखेरी त्यो कुरा मस्यौदामा समावेश हुँदा उपयुक्त हुन्छ, जस्तै संभाव्यताको आधारमा गर्ने हो कि, आवश्यकताको आधार वा अन्य पेशा, लिङ्गको आधारमा, भूगोलको आधारमा, अपांगता र क्षमताको आधारमा पनि वर्गिकरण भएर  आउँदा ती कुराहरुलाई उल्लेख गरेर आउँदा यो अझ राम्रो हुन्थ्यो । अर्को अनुगमन तथा नियमनको बारेमा यो मस्यौदा मौन छ, त्यति प्रष्ट रुपमा बोलेको छैन । मस्यौदामा नियमन गर्ने विषयमा यो विषय नियमन गर्ने विषयमा पनि प्रष्ट रुपमा आउँदा राम्रो हुन्थ्यो ।

मस्यौदामा अनुगमन नियमन उल्लेख नभएको कारण यसमा व्याख्यात्मक रुपमा उल्लेख हुँदा राम्रो हुनेछ । खासगरी सम्मान र दण्डको व्यवस्था जस्तै- राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने, सम्मान गर्ने, नगर्नेलाई दण्डको व्यवस्था गर्ने खालको गरेको भए राम्रो हुन्थ्यो। उद्योगी व्यापारीको कार्य, लगनशीलता तथा अनुशासन र राज्यलाई भुक्तानि गरेको कर, रोजगारको उपलव्धताको आधारमा सम्मान गर्ने, व्यवस्था गर्ने धेरै कुराहरु थप्दा राम्रो हुनेछ र त्यस्ता व्यवसायीहरुलाई छुट थप कर्जा दिने लगायत अरु कुरा हुन सक्छन् ।

नगर्नेलाई दण्ड दिने कुराहरु लगायतका, अर्को कुरा दुर्गम क्षेत्र र सुगम क्षेत्रको पनि वर्गीकरण गर्नु पर्ने, दुर्गम क्षेत्रको बारेमा यसले त्यति धेरै बोलेको अवस्था छैन । यो जुन विधेयक आएको छ यो प्राइभेट फर्म र रजिष्ट्रेशन सम्बन्धी यो विधेयकमा धेरै थप अरु बुँदागत रुपमै विधायन सम्बन्धी थप छलफल गर्नेछु । अरु कुराहरु राखिनेछ, अझ यसलाई पूर्णत बनाउनु पर्नेछ र खासगरी यो उद्योग व्यवसायीहरुले ठूलो राहत पाउने र जे कुरामा पनि काठमाडौं धाउनु पर्नेछ यो चाहि अन्त्य गर्नेछ । धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन अनुमति दिन्छु। त्यसपछि माननीय लेख बहादुर थापा मगर ।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, मुलुक संघीयतामा छ, हामी त्यसैको अभ्यास गरिराखेका छौं । संघीयता भन्नासाथ जनताको नजिकको पहुँच भन्ने बुझ्नु जरुरी छ, बुझिन्छ । तर कतिपय कुरामा अहिले पनि हामीले त्यो अभ्यास गर्न नपाएको परिस्थिति छ । यतिबेला मेरो हातमा एउटा विधेयक छ । वास्तवमा यो विधेयक धेरै पहिला आउनुपर्थ्यो । गण्डकी प्रदेशमा प्राईभेट फर्म दर्ता गर्न व्यवस्था गर्न बनेको विधेयक, जुन विधेयकको कारण जुन ऐनको अभावमा हाम्रा यस प्रदेशमा भएका उद्योगी, व्यवसायी, व्यापारीहरुले आफू संघीयताभित्रै भएको अनुभव गर्नै पाएनन् । आफ्ना प्राईभेट फर्म दर्ता गर्नको लागि अझै पिि‌न कहा जानु पर्ने भन्ने अन्यौलता थियो, संघमै धाउनु पर्ने वाध्यता थियो, अहिले यो विधेयक आइसकेपछि त्यो वाध्यताको अन्त्य हुन्छ भन्ने मलाई लाग्दछ । जरुरी थियो । वास्तवमा यो विधेयकले हाम्रो गण्डकी प्रदेशभित्र प्राइभेट फर्म दर्ता गर्न चाहनेहरु अनि त्यसको नविकरण गर्न चाहनेहरु कतिपय खारेजीका परिस्थितिहरु छन्, धेरै व्यापारी व्यवसायीहरुको गुनासो छ, पहिलो फर्म दर्ता गरियो, कारोवार पनि चल्ला भनेर नै गरेको हो संभावना नै नरहने, रुग्ण रहने, चलेन अब यसलाई खारेजी गर्नुपर्‍यो तर सकिएन भन्ने गुनासाहरु पनि छन्।

कतिपय फर्महरु हिजो समग्रमा दर्ता भयो म उदाहरण दिन्छु, हाम्रो गण्डकी प्रदेशमा विनायक त्रिवेणी गा.पा. अन्तर्गत केही साना उद्योगहरु यो भेली बनाउने पनि कारखानाहरु छन्, दर्ता भयो अब त्यो नविकरण कहाँ गर्ने हो भन्ने नै छैन अप्ठ्यारो परिस्थिति छ । या त यो प्रदेशबाट अन्त सार्न पर्ने परिस्थिति, या अन्त लान पर्ने परिस्थिति ती साना उद्योगहरु, या त कुरेर बस्नु पर्ने परिस्थिति, जरिवाना व्यहोर्नु पर्ने परिस्थिति छ । यस्ता थुप्रै छन् समस्याहरु, मैले एउटा उदाहरण मात्र दिएको ती समस्याहरुलाई हल गर्न पनि यो विधेयकले सहयोग गर्छ भन्ने मलाई लाग्दछ । गाउँघरमा कतिपय सानो पूँजी छ, त्यो सानो पूँजीले केही गरौं भन्ने सोचका युवाहरु छन, महिला दिदीबहिनीहरु हुनुहुन्छ तर यसैको अभावमा त्यो सानो पूँजी परिचाल न गरेर बैंकिङ् कारोवार गरेर अगाडि बढ्न सक्नुभएको छैन ।

अब यसले हामीलाई त्यो सहयोग पुग्छ भन्ने मलाई लाग्छ । अघि माननीयज्यू पनि भनिसक्नु भएको थियो त्यो मैले नोट गरेका थिएँ, प्राइभेट फर्महरु दर्ता गर्दाखेरी भूगोललाई समेत हेरेर जो अलि दुर्गमा ठाउँमा जान्छ हामीले ती दुर्गममा जानेहरुलाई प्रोत्साहित गर्न सक्यो भने सबै एकै ठाउँमा थुप्रिने र रोजगारीहरु पनि त्यही वरिपरि सुगममै बस्ने परिस्थितिको अन्त्य गरेर दुर्गम सम्म पनि त्यहाँ सम्म जाने बाटोघाटो पुर्याउन सक्यो भने सानातिना उद्योग, कलकारखानालाई प्रोत्साहन गर्न सकियो भने यसले राम्रो काम गर्छ भन्ने

मलाई लाग्छ, जो होस् यो विधेयक आएको छ, अझै यसलाई केही परिमार्जन गर्नु पर्ने हुन सक्छ, किनभने ऐन बनाउँदा सबैभन्दा राम्रो सबैको हितमा हुने किसिमले बनाउन जरुरी छ, त्यसैले यो विधेयक आफैमा एउटा महत्वपूर्ण समयमा आएको छ ।

म यो विधेयकलाई समर्थन गर्दै यकि कहीँ कतै कमजोरी छन् भने ती कमीकमजोरीलाई सच्याउन अनुरोध गर्दछु भन्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य लेख बहादुर थापा मगरलाई छलफलमा भाग लिन समयदिन्छु । समय ७ मिनेट ।

## माननीय लेख बहादुर थापा

माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि सैद्धान्तिक छलफल उपर हामी सहभागी भएका छौं । प्रस्तावाले प्रष्ट पारेको छ उद्योग, व्यापार तथा व्यवसायी संचालन गर्नको निम्ति । स्थानीय फर्महरुको दर्ता गर्ने, नविकरण गर्ने, यसलाई आवश्यक व्यवस्थापन गर्नको निम्ति यो विधेयक यहाँ आएको छ । त्यसैले कुनै पनि नीजि क्षेत्र अथवा अन्य व्यक्तिहरुले प्राइभेट फर्म दर्ता गर्नको निम्ति र व्यवसायी संचालन गर्नको निम्ति यो विधेयक द्वारा सहजीकरण हुनेछ भन्ने हामीले विश्वास लिएका छौं । यहाँ धारावाहिक रुपमा विषयहरु आइसकेका छन्, मलाई लाग्छ यसमा सबै महत्वपूर्ण छन् ।

यसमा प्राइभेट फर्म दर्ता गर्नु पर्ने प्रकृयाहरुको बारेमा, प्राइभेट फर्म संचालन गर्नेहरुले विवरण व्यवस्थित गर्नु पर्ने बारेमा, स्थान, नामको बारेमा, अनलाईन मार्फत दर्ता गर्न सकिने प्रवन्धको बारेमा र विधि विधान बमोजिम फर्म दर्ता नगरको अवस्थामा, नविकरण नगरेको अवस्थामा या कारवाही नगरेको समेत यहाँ उल्लेख गरिएको छ ।

मलाई लाग्छ यो सबै महत्वपूर्ण छन् । यसमा मलाई लाग्छ, नीजि सहकारी र सरकार साझेदारी विषयलाई  अलिकति इंगित गर्नुपर्छ कि भन्ने मलाई लागेको छ । निजी क्षेत्र र सरकारी क्षेत्रको संवन्धको बारेमा त्यसमा केहि व्यवस्थित दर्ता गर्ने स्थानको बारेमा पनि जस्तै स्थानीय तह गा.पा., न.पा. को स्थानीय तहहरुमा दर्ता गर्ने व्यवस्थाको निम्ति यो ठीक हुन्छ कि, स्थानिय रुपबाट साना व्यवसायीको हकमा, र अलि ठूला व्यवसायीको हकमा प्रदेश स्तरको उद्योग कार्यालय मार्फन दर्ता गर्नु पर्दा ठिक हुन्छ कि जस्तो मलाई लाग्छ स्थानको किटान गर्नु पर्दा ।

अनि नविकरण गर्ने सम्बन्धमा जहाँ दर्ता गर्ने हो त्यहीँ नविकरण गर्ने अलि सरल र सहजीकरण हुन्छ कि, र दर्ता गर्दा लाग्ने शुल्कको बारेमा केही विषय व्यवस्था गर्नु पर्ने हो कि, जस्तै महिलाहरुले आफैले एकल ढंगले उद्योग चलाउन चाहेको अवस्थामा त्यहाँ निश्चित प्रतिशत विशेष छुट दिने व्यवस्था, अनि दलितहरुले उद्योग चलाउन खोजेको खण्डमा त्यहाँ छुटको व्यवस्था अनि जनजातिहरु, गरिवहरु अल्पसंख्यक, लोपोन्मुखहरुले उधोग व्यवसाय दर्ता गर्न चाहेको खण्डमा केहि छुटको व्यवस्था गर्न सकियो भने व्यवस्थित हुन्थ्यो कि भन्ने लाग्छ । यस बारेमा विधायन समितिमा छलफल होस् भन्दै आजको सैद्धान्तिक छलफल यहीँ बिट मार्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री मणिभद्र शर्मालाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मन्त्री मणीभन्द्र शर्मा**

सभामुख महोदय, यस विधेयकका उपर विद्वान माननीयज्यूहरुले रचनात्मक सुझावहरु राख्नुभएको छ । यसमा संघीयताको मर्म र भावनालाई यथार्थ रुप दिनको लागि यो विधेयक आएको छ । धेरै व्यवसायीहरुलाई काठमाडौं धाइरहने समस्यालाई यसले निराकरण गर्नेछ भन्ने विश्वासका साथ त्यो विधेयक आएको छ । माननीयज्यूहरुबाट पनि त्यस प्रकारकै भावनाहरु व्यक्त भएको मैले पाएँ । केही कुराहरु नियम, नियमावली, कार्यविधि र मापदण्डबाट मलाई अरु थप व्यवस्थित गर्ने प्रणालीहरु छन् । यी सबै कुरालाई अनुरोध गर्दै यहाँहरुका सुझावलाई उच्च सम्मान गर्दै, यो आफ्नो भनाईहरु यहाँहरुलाई सम्मान गर्दै आफ्ना भनाईहरु अन्त गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ । अब म पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री मणिभद्र शर्मालाई मिति २०७७ साल चैत्र २७ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने सम्बन्धमा प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री मणीभद्र शर्मा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल चैत्र २६ गते प्रस्तुत भई मिति २०७८ साल भाद्र २९ गते सभामा विचार गरियोस्

भनि प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम (१) ख बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुनेले माननीय सदस्यले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् । हुन्छ र यसको पक्षको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् । "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयक दफावार छलफलका लागि विधायन समिति पठायोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधान समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरु, अब यो वैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।